# खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजना
# पुर्नवास कार्य योजना

## कार्यकारी सांरस

नेपालको उत्तर पूर्वि भागमा अवस्थित विद्युत गृह र निर्माणाधिन विद्युतगृहबाट उत्पादन हुने विद्युत शक्तिलाई नेपालका पुर्वि भागमा रहेको विद्युत माग बढी हुने क्षेत्रमा प्रसारण गर्न ७३ कि.मी. लामो डवल सर्किट खिम्ती-ढल्केवार २२० के.भी. प्रसारण लाईन आयोजनाको प्रस्ताव गरिएको छ । यस प्रसारण लाइन आयोजना दोलखा जिल्लाको खिम्तीबाट शुरु भई दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी, र धनुषा जिल्लाका विभिन्न गा.वि.स. /नगरपालिका हरुलाई पार गर्दै धनुषा जिल्लाको ढल्केवरमा रहेको विद्यमान सव-स्टेशनमा आई टुङगिने छ ।

यो पुनर्वास कार्य योजना प्रतिवेदन 'उर्जा विकास कोष २००२ अन्तर्गत आयोजनाको वातावरणीय प्रभाव मूंल्याङ्कन नितीको परिधिभीत्र रही तत्कालिन अवस्थामा उपलव्ध प्राविधिक प्रतिवेदनको आधारमा सर्वेक्षण गरी  तयार पारिएको छ । यस आयोजनाको लागि तयार पारिएको पुनर्वास कार्य योजना लगायत अन्य प्रतिवेदनहरुले औल्याए बमोजिम प्रसारण लाइनको ३० मिटर क्षेत्र भित्र पर्ने १७ वटा बसोवास गरिरहेको घरहरु लाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न प्रस्ताव गरेको छ । जसमध्ये ३ बटा घर रामेछाप, ९ घर सिन्धुली र ५ घर धनुषामा पर्दछन् ।

आयोजनाबाट प्रभावित १७ घरधुरीहरुको सर्वेक्षण गरिएको थियो जसबाट उक्त घरधुरीहरुको सामाजिक आर्थिक अवस्थाको बारेमा जानाकारी प्राप्त गरिएको थियो । यसैको आधारमा आयोजाना प्रभावित परिवारहरुको पुनस्थापना कार्य योजनाको खाका तयार पारिएको छ ।

आयोजना प्रभावित १७ घरधुरीको जम्मा जनसंख्या १०० रहेको देखिन्छ जसमा पुरुष ५२ र महिला ४८ जना रहेका छन् । प्रभावित परिवारहरु मध्ये ७७% जनसंख्या आर्थिक रुपले सकृय छ जसमध्ये ६४% मानिस साक्षर छन् । साक्षर मानिसहरु अधिकांस कृषि पेशामा संलग्न छन् । जमिनको वितरण समानुपातिक छैन । ११% मानिससंग प्रति परिवार ०.२ हेक्टर (४ रोपनी भन्दा कम) जमिनको स्वामित्व छ तथा ८९% मानिसहरुसंग प्रतिपरिवार  ०.२ हेक्टर भन्दा बढी जमिन छ । आयोजना प्रभावित अधिकांश परिवारसंग ४ रोपनी भन्दा वढी जमिन रहेपनि परिवारको लागि वर्षैभरी पुग्ने खाद्यान्न उत्पादन भने अपुगनै  रहेको देखिन्छ ।

आयोजना प्रभावित परिवारहरु मध्ये ९२% घरधुरीहरुले विद्युत उपयोगकको लागि न्यूनतम ८० रुपैया प्रतिमहिना तिर्न सक्दछन् । प्रभावित परिवारहरुको वार्षिक आय रु ६७,०००।- रहेको देखिन्छ । प्रभावित परिवारहरुको आम्दानीको मुख्य श्रोतहरुमा कृषि, पशुपालन, नोकरी, व्यापार, दैनिक ज्यालादारी आदी हुन् । प्रभावित परिवारको कुल आयश्रोत मध्ये ३५.१% कृषि ३७.१%, दैनिक ज्यालादारी, १६% नोकरी तथा बाँकी ११.८% व्यापार, लघुउद्योग आदी रहेको छ ।  प्रभावित परिवारहरुको खर्चको शिर्षक मध्ये ७२.५% परिवारहरुको खर्चको मुख्य अंश खाद्यान्नमा रहेको छ भने २७.५% को गैह्र खाद्यान्न बस्तु किन्नमा रहेको छ ।

प्रसारण लाइन अधिकार सिमनामा पर्ने जम्मा १७ घरको ८१ कोठाका जम्मा ११,०७० वर्ग फिट क्षेत्रफल प्रभावित हुने देखिन्छ । यी घरहरुको कुल अनुमानित लागत १.८ मिलियन रुपैया हुने देखिन्छ ।  घरको अनुमानित मुल्य प्रतिघर ३५,०००।- देखी २,५०,०००।- रुपैया सम्म पर्ने देखिन्छ । प्रभावित घरहरु विक्रम संवत  २०३६ देखी २०५९ सम्म निर्माण भएका छन् । आयोजना प्रभावित

घरहरु औषत २.५ तल्ला रहेका छन् । घरको स्थानन्तरण कार्यको लागि  रु ४.२ मिलियन प्रस्ताव गरिएको छ भने जग्गाको क्षतिपूर्तिको लागि घरको स्थानान्तरण खर्चको अतिरिक्त रु ०.१६ अनुमान गरिएको छ ।

प्रभावित १७ घरधुरीको लागि प्रतिमहिना घरभाडा वापत रु २,०००।- दरले जम्मा रु ३४,०००।- प्रति महिना खर्च हुने छ । यस्तो रकम ४ महिनासम्म उपलब्ध गराइने छ । कुल स्थानन्तरण खर्च रु ४.५ मिलियन हुनेछ  यसमा समुदाय सहयोग कार्यक्रमहरु समावेश छैनन् । सर्वेक्षण गरिएका परिवारहरु मध्ये ७६% परिवारहरुले क्षतिपूर्ति रकम नगदमा प्राप्त गर्न चाहन्छन् ।

फिल्ड सर्वेको समयमा धेरै व्यक्तिहरुसंग समुहगत छलफल र अन्तवार्ता लिइएको थियो । छलफलको क्रममा सरोकारवालहरुले आयोजनाको निर्माण चरणमा आउने विभिन्न समस्याहरुको बारेमा सचेत गराएका थिए । प्रभावित परिवारहरु सित छलफल हुँदा उनीहरुले बसोबास भएको क्षेत्र नजिकै स्थानान्तरण हुने भएकोले सामाजिक सुविधाहरुमा  कुनै असर नपर्ने देखिन्छ । प्रभावित परिवारहरु सित विभिन्न चरणमा छलफल हुदा उनीहरु भविष्यमा आयोजनाबाट पर्न सक्ने प्रभावहरुको बारेमा सचेत देखिएको छन् । आयोजना कार्यान्वयन गर्दा आउन सक्ने विवादहरुका समाधानको लागि एउटा गुनासो सुनुवाईसमाधान कमिटीको निर्माण गरिनेछ । यसै कमिटी मार्फत आयोजनामा उठेका विवाद र उजुरीहरुको समाधानको प्रयास गरिनेछ । यसको साथै यस्ता उजुरीहरु नेपाल सरकार अन्तरगतको जलश्रोत मन्त्रालयमा पनि दिन सकिनेछ ।

आयोजना निर्माण पूर्व स्थानान्तरणमा परेका घर परिवारहरुलाई सार्वजनिक सूचना मार्फत क्षतिपूर्ति, घर स्थानान्तरण गर्ने, अनुदान ग्रहण आदी सम्वन्धमा जानकारी गराइने छ । प्रभावित परिवारहरुको घर र घरले ओगटेको जमिनको क्षतिपूीर्त प्रतिस्थापना मुल्यमा दिइनेछ ।  साथै यस्ता परिवारहरुले स्थानान्तरण खर्च समेत प्राप्त गर्नेछन् ।  आयोजना अन्तर्गत एउटा खिम्ती-ढल्केवर वातावरणीय व्यवस्थापन इकाई कार्यालय स्थापना गरिनेछ । यसको मुख्य कार्य समग्र आयोजनाको अनुगमनको साथै घर स्थानान्तरण तरिका नयाँ घरको अवस्था, प्रभावितहरुको जिवन स्तर आदीको बारेमा जानकारी लिनुका साथै आवश्यक परेको खण्डमा थप प्रभाव न्यूनिकरणका कार्यक्रमहरु सिफारिस गर्नेछ ।

नेपाल विद्युत प्राधिकरण
प्रसारण लाइन तथा सवस्टेशन निर्माण विभाग


# खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाइन आयोजना
## पुर्नवास कार्य योजना
## कार्यकारी सांरस


वातावरण तथा सामाजिक अध्ययन विभाग
ईन्जिनियरिङ्ग सेवा
अद्धैतमार्ग, काठमाडौ


जुलाइ २००५